# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (घ) र सूचनाको हक सम्बन्धि नियमावलि, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण ।

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धि नियमावलि, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण ।**

**१. निकायको स्वरुप र प्रकृती:**
प्रचलित कम्पनी ऐन बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ४९ (१) बमोजिम नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको ईजाजतपत्र प्राप्त गरि सञ्चालनमा रहेको वित्तीय संस्था ।

**२. निकायको काम, कर्तव्य र अधिकार:**
बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा वित्तीय संस्थाको प्रवन्ध पत्र तथा नियमावलीमा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
वित्तीय संस्थामा हाल ८३ जना कर्मचारी कार्यरत छन् र संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत संचालन भई रहेको छ । व्यवस्थापन समुहको नाम र पद संस्थाको वेभसाईट www.shreefinance.com.np मा उपलब्ध रहेको छ ।

**४. निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ मा व्यवस्था भए बमोजिम राष्ट्रिय स्तरको "ग" वर्गको वित्तीय संस्थाले प्रदान गर्न सक्ने वित्तीय कारोबारहरु ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
संस्थाको शाखा कार्यालय तथा सोको जिम्मेवार पदाधिकारीहरुको नाम यस संस्थाको वेभसाइट www.shreefinance.com.np मा उपलब्ध छ ।

**६. सेवा प्रदान गर्दा लाग्ने दस्तुर र अवधि :**
वित्तीय संस्थाले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि सञ्चालक समितिले निर्धारण गरे अनुसार यस संस्थाको वेभसाइट मा रहेको छ ।

**७. निर्णय गर्ने प्रकृया र अधिकारी :**
वित्तीय संस्थाको वित्तीय कारोबार सम्वन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले संस्थाको नीति निर्देशिकाको अधिनमा रही गर्न सक्ने व्यवस्था मिलाईएको छ । नियमित कार्य संचालन सम्वन्धमा कार्यकारी प्रमुख तथा सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेका छन् ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :**
ग्राहकको गुनासो तथा उजुरी सुन्नकालागी केन्द्रीय स्तरमा निम्न पदाधिकारीलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ ।
वरिष्ठ प्रवन्धक श्री दुर्गा लम्साल
फोन :- ०१-४५२६१४६, ४५२२०३८ EXT: ११३
इमेल: durgalamsal@shreefinance.com.np

**९ सम्पादन गरेको कामको विवरण:**
वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलि एवं बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम "ग" वर्गका वित्तीय संस्थाले गर्नु पर्ने कार्यहरु सम्पादन भई रहेको छ ।

**१०. सूचना अधिकारी र प्रमुखको नाम :**
ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न केन्द्रीय स्तरमा देहायका पदाधिकारीलाई प्रमुख सूचना अधिकारी तोकिएको छ ।
वरिष्ठ प्रवन्धक **श्री दुर्गा लम्साल**
फोन :- ०१-४५२६१४६, ४५२२०३८ EXT: ११३
इमेल: durgalamsal@shreefinance.com.np
साथै, यस संस्थाको शाखा कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुखलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने व्यवस्था मिलाईएको छ । अन्य कुनै गुनासो भएमा सिधै प्रमुख सूचना अधिकारीलाई सम्पर्क गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
प्रचलित ऐन, नियम, विनियम तथा निर्देशिका अन्तरगत रहि वित्तीय संस्थाले कामकाज गर्नु पर्ने हुँदा देहाय अनुसारका ऐन, नियम, विनियम तथा निर्देशिका कार्य संचालनका लागी रहि आएका छन् ।

| | |
|---|---|
| १. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ | २. कम्पनी ऐन २०६३ |
| ३. नेपाल राष्ट्र बैंक ऐन, २०५८ | ४. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ |
| ५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०५८ | ६. सम्पत्ति शुद्धीकरण (मनि लन्डिङ) निवारण ऐन, २०६४ |
| ७. धितोपत्र सम्बन्धि ऐन, २०६३ | ८. सुरक्षित कारोवार ऐन, २०६३ |
| ९. करार ऐन, २०६५ | १०. विनिमय अधिकारपत्र ऐन, २०३४ |
| ११. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु | १२. नेपाल राष्ट्र बैंक लगायत अन्य सबै नियमनकारी निकायहरुबाट जारी गरिएका निर्देशिका तथा परिपत्रहरु । |

**१२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धि अद्यावधिक विवरण:**
वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि विवरणहरु त्रै-मासिक रुपमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा नियमित रुपले प्रकाशित हुदै आएको छ साथै उक्त विवरणहरु वेभसाइट www.shreefinance.com.np मा समेत राख्ने गरिएको छ ।

**१३. तोकिए बमोजिमका अन्य विवरण:**
नभएको ।

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण:**
सामाजिक उत्तरदायीत्व अन्तरगतका विभिन्न कार्यक्रमहरु सञ्चालन भएको ।

**१५. सार्वजनिक निकायको वेवसाइट भए सोको विवरण:**
वित्तीय संस्थाको वेभसाइट रहेको छ ।

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण:**
वित्तीय संस्थालाई प्राप्त इजाजत पत्र अनुसार वित्तीय कारोवार गर्ने भएकोले अन्य कुनै प्रकारको वैदेशिक सहायता, ऋण, अनुदान एव प्राविधिक सहयोग र सम्झौता जस्ता कार्यहरु भए गरेको छैन ।

**१७. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण:**
नभएको ।

**१८. सार्वजनिक निकायले बर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावलि र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**
नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड लगायत कम्पनी रजिष्ट्रारको कार्यालयवाट नियमित रुपमा प्रकाशन गर्न निर्देशन भई आए अनुरुपका वित्तीय विवरण लगायतका सूचना सामग्रीहरु राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि संस्थाको वेभसाइट मा समेत राख्ने गरिएको छ ।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिएको विवरण**
नभएको ।

**२०. सार्वजनिक निकायमा सूचना अन्यत्र प्रकाशित भएमा वा हुने गरेको भए सोको विवरण**
नियमनकारी निकायवाट नियमित रुपमा प्रकाशन गर्न निर्देशन भई आए अनुरुपका सूचना सामग्रीहरु राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि वित्तीय संस्थाको वेभसाइट मा समेत राख्ने गरिएको छ ।

**२१. वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना:**
वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ:
**प्रमुख कार्यकारी अधिकृत** **श्री लिलामणि न्यौपाने**
श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि., का.म.न.पा ३०, डिल्लीबजार काठमाडौं
फोन :- ०१-४५२६१४६, ४५२२०३८


## श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.

डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं । फोन: ४५२२०३८, ४५२६१४६, ४५१५३४४,
फ्याक्स: ९७७-१-४५२१७७९, E-mail: info@shreefinance.com.np, website:www.shreefinance.com.np